कार्यालय प्रयोजन

अनुसुची ४

**नगर बाल संजालमा आवद्ध बालक्लबहरुको विवरण**

**(बालक्लबको पूर्ण विवरण भरी बुझाउनुपर्नेछ )**

| सि. नं. | बालक्लब समुहको नाम | अध्यक्षको नाम | बालक | बालिका | जम्मा | संरक्षको नाम | बालक्लबको ठेगाना र फोन | नपामा दर्ता नं. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

आज्ञाले

गणेशदत्त मिश्र

प्रमुख प्रशासकीय अधिकृत


# स्थानीय राजपत्र

माहाकाली नगरपालिकाद्वारा प्रकाशित

खण्ड : २, संख्या : १, भाद्र ...... गते मंगलबार, २०७७ साल


**भाग-१**

# बालक्लब/समूह परिचालन निर्देशिका २०७७

## १. निर्देशिकाको आवश्यकता तथा महत्व :

विद्यमान परिस्थितिमा बालअधिकार तथा बालविकासको सम्बन्धमा बालबालिकाको सहभागिताको अधिकार पनि प्राथमिकताको बिषय बन्दै गएको छ । बालबालिका आफ्नै संगठित समूहहरु जस्तैः बालक्लब, बालसमूह, बालस्वावलम्बन समुह, जुनियर रेडक्रस सर्कल, चेतना समुह, बालक्लब नेटवर्क जस्ता समुह/सञ्जालमा आवद्ध भई कार्यक्षेत्र, विद्यालय तथा सामुदायमा क्रियाशिल रहँदै आउका छन् । बाल समूहहरुको संस्थागत विकास र परिचालन बाल सहभागिता प्रवर्धनको एउटा महत्वपूर्ण पक्ष भएता पनि आज यसको सुनिश्चितता सम्बन्धित सबैको लागि चुनौतीको बिषय बनेको छ । बालबालिकालाई बिना भेदभाव सुरक्षित वातावरणको अनुभव सहित सबैको समान अवसर सिर्जना गर्दै बालसमुहमा आफुलाई संगठित गर्ने अवसरको प्रत्याभुति गर्नु महत्वपूर्ण बिषय बनेको छ । बाल सहभागिताका यी उत्साहपूर्ण पक्षहरुलाई समन्वय गर्न, एकरुपता दिन र औपचारिकता प्रदान गर्न माहाकाली नगरपालिकाद्धारा यो निर्देशिका जारी गरिएको छ ।

## २. उद्देश्य :

- बालबालिकाको सहभागिता गठित बालसंस्थाहरुको संस्थागत विकास र निरन्तरता एवं दीगोपनको सुनिश्चितता गर्ने ।
- बालक्लब/समुह परिचालनमा आएका दोहोरोपन हटाई एकरुपता ल्याउने र समन्वय विकास गर्ने ।
- बाल क्लबहरुलाई श्रोतको परिचालन एवं सहयोगका सम्भाव्यताहरुको सुनिश्चितता गर्ने ।
- सबै बालबालिकाहरुलाई बिना भेदभाव स्वेच्छापूर्वक र क्षमता अनुसार संगठित हुने, सामाजिक सीप सिक्ने र भावी जीवनका लागि आफुलाई तयार गर्ने अवसरको प्रत्याभुत गर्ने ।
- विभिन्न उमेर समुह र परिस्थितिका बालबालिकाहरुको संलग्नतामा गठन र परिचालित हुने संस्थाहरको सपष्ट संरचना सहित अगाडी बढ्ने अवसरको सिर्जना गर्ने ।
- समग्रमा बाल सहभागितको अधिकार प्रवर्धनको निम्ति बालबालिकाहरुलाई व्यवस्थित र स्वतर्स्फुत रुपमा संगठित एवं परिचालित हुन राज्यको तर्फबाट स्पष्ट मार्ग निर्देशन गर्ने ।

## ३. माहाकाली नगरपालिकाको भुमिका

**भूमिका :**

नेपालको संविधान २०७२, बालबालिका सम्बन्धित ऐन २०४८, स्थानिय सरकार सञ्चालन ऐन २०७४ अर्न्तगत बालबालिकाहरुका हक, हित संरक्षण र बाल विकासका लागि क्रियाशिल हुने स्थानिय तहको व्यवस्था गरिएको छ । बालबालिकाको हकहित सम्बन्धि कार्यका साथै बालसहभागिता प्रवर्द्धन गर्नु स्थानिय तहको जिम्मेवारी हो भने बालबालिको सहभागितको अवसर सुनिश्चित गर्ने नगरपालिका भरीका बालबालिकाको हक हित संरक्षणका निम्ति हुने क्रियाकलापहरुको समन्वयकर्ताका रुपमा प्रमुख भुमिका निर्वाह गर्दै बालसहभागिता प्रवर्द्धन गरी बालबालिकाहरुलाई संगठित हुने अधिकार सुनिश्चित गर्नु हो । नगरपालिकाले बालबालिकाहरुको हक हितको संरक्षणको भूमिका निर्वाह गर्नु पर्दछ ।



अनुसुची ३
नगरपालिकाको प्रयोजनका लागि
**बालक्लब /समुह /मञ्च/संजाल आवद्धता**

बालक्लबको नाम :............................
बालक्लबको मुख्य कामहरु :................
बालक्लबको ठेगाना :...................
बालक्लब स्थापना भएको मिति :.......................
समुदायमा आधारित वा विद्यालयमा आधारित :..................
बालक्लब गठन गर्न सहयोग गर्ने निकाय :................पत्राचार गर्ने ठेगाना :
सम्पर्क व्यक्तिको नाम :..........................ठेगाना
............फो.नं...................जिल्ला................
......................न.पा..........................टोल ................फोन
नं..............विवरण भरेको मिति
.....................सदस्यहरुको जन्मदर्ता भए / नभएको ................बाल
क्लबको विधान भए नभएको ...................बालक्लबको निर्णय भए नभएको
................. मिति ..........................

**बालक्लबको विवरण**

| क्र. स. | कार्यसमितिका सदस्यहरुको नाम | पद | फो.न | उमेर | ठेगाना | विद्यालय जाने /नजाने | हस्ताक्ष्र | कै |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

अनुसुची २ (क)
बालक्लब दर्ताको निवेदन पत्रको ढाँचा

श्रीमान वडाध्यक्ष ज्यू                                        मिति :
माहाकाली नगरपालिका

विषय : बाल क्लब दर्ता गरिपाउँ

महोदय

हामीले ................................. नामको बालक्लब खोल्न चाहेकोले माहाकाली नगरपालिका द्धारा स्वीकृत बालक्लब/समूह परिचालन निर्देशिका २०७६ को परिच्छेद ९ ले गरेको व्यवस्था बमोजिम सुचिकृत /आवद्धता गर्नको लागि देहायको विवरण खोली निवेदन गरेको छौ ।प्रस्तावित बालक्लब/समुहको निर्देशिकाको एक प्रति सिफारिस ,बालक्लब आवद्धता अभिलेख फाराम र यथासक्य समुहका पदाधिकारीहरुको जन्म दर्ता प्रमाण पत्रको फोटोकपि यसै साथ संलग्न गरिएको छ ।बमोजिम बालक्लब दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन गरेको छौं ।

संलग्न :

क)बालक्लब गठन गरेको निर्णय वा बाल क्लबको विधान
ख)उमेर खुल्ने कागजात(जन्मदर्ता प्रमाण पत्र ,उमेर खुलेको शैक्षिक प्रमाण पत्र )
ग)बालक्लबको पूर्ण विवरण फाराम भरेको १ प्रति
घ)विद्यालयको हकमा विद्यालयको सिफारिस

सचिव /अध्यक्ष

बालक्लब/समुहको सम्पूर्ण सदस्यहरुको पूर्ण विवरण अनुसूची ३

| क्र. स. | नाम | पद | लिंग | वर्ष | कक्षा | अभिभावकको नाम र नाता | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |





**प्रारम्भ**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१.१ यस निर्देशिकाको नाम बाल क्लब/समूह परिचालन निर्देशिका २०७७ रहेको छ ।

१.२ यो निर्देशिका माहाकाली नगरपालिकाले स्थानीय राजपत्रमा प्रकाशित गरेको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा :**

बिषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

क) बालबालिका भन्नाले १८ बर्ष मुनिका व्यक्तिलाई सम्झनु पर्छ ।

ख) बाल क्लब/समूह भन्नाले विद्यालय वा समुदाय स्तरमा बालबालिकाले आफ्नो हक अधिकारको संरक्षण र क्षमता विकासको लागि गठन गरेको बाल क्लब/समूह सम्झनु पर्छ ।

ग) नगरपालिका भन्नाले माहाकाली नगरपालिका सम्झनु पर्दछ ।

घ) कार्य समिति भन्नाले बाल क्लबको क्रियाकलाप संचालन गर्नको लागि बाल क्लबकै सदस्यहरुबाट छानिएर निर्माण गरिएको समिति सम्झनु पर्छ ।

ङ) पदाधिकारी भन्नाले यसै निर्देशिका अनुसार गठन भएका बालक्लब समुहको अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष र कार्य समिति सदस्यहरुलाई सम्झनु पर्दछ ।

च) संरक्षक भन्नाले :

- नगर स्तरीय संजालको लागि नगरपालिकाको प्रमुख वा निजले तोकेको व्यक्तिलाई सम्झनु पर्दछ ।
- वडा स्तरीय बालक्लबको हकमा नगरपालिकाको वडा अध्यक्ष वा निजले तोकेको व्यक्तिलाई सम्झनु पर्दछ ।
- यसै गरी विद्यालय स्तरमा विद्यालयको प्रधानाध्यापक वा निजले तोकेको शिक्षकलाई सम्झनु पर्दछ ।

छ) संजाल(नेटवर्क) भन्नाले एउटा नगरपालिका/गाउपालिका वा जिल्ला भित्र रहेका विभिन्न बालक्लबहरुको प्रतिनिधिहरुको भेलाले सबै क्लबहरुको साझा भलाईका

लागि काम गर्न समाबेशी सहभागिताको आधारमा गठन गरिएको ७ देखि २१ सदस्यीय समितिलाई सम्झनु पर्दछ ।

**३. बालक्लबको संचालन प्रक्रिया**

माहाकाली नगरपालिका भरिका विभिन्न खाले बाल क्लब/समूहहरुको व्यवस्थित रुपले संचालनका लागि यो निर्देशिका जारी गरिएको छ । जस अनुसार बालबालिकाहरुले आफ्नो कार्यक्षेत्र, समुदाय एवं विद्यालयहरुमा निम्नानुसारका बालक्लबहरु गठन गरी परिचालित हुन सक्ने छन् ।

क) ६ बर्ष देखि ११ बर्ष उमेरका बालबालिकाको लागि खेल समूह तथा पूर्व बाल क्लब ।

ख) १२ देखि १८ बर्ष उमेरका बालबालिकाको लागि बालक्लब/बाल संजाल

३.१ बाल क्लब/समूहको संरचना सम्बन्धी व्यवस्था :

क) ६ देखि ११ बर्ष उमेका समूहका बालबालिकाहरुले आफुभन्दा ठूला दाईदिदीहरु, आफ्ना अभिभावक, संरक्षक एवं सहयोगीहरुको सहयोगमा कम्तीमा ७ जना वा सो भन्दा माथि सदस्यहरु रहने गरी बाल क्लब/समूह गठन गर्ने छन् । यस्ता समूहहरु खेल समूहको रुपमा तथा बाल क्लबको रुपमा परिचालित हुन सक्ने छन् ।

ख) १२ बर्ष देखि १८ बर्ष उमेर समूहका बालबालिकाहरु कम्तिमा ७ जनाको कार्य समिति सहित कम्तिमा १३ जना वा सो भन्दा बढीमा आवश्यकता अनुसारको सदस्य संख्यामा बाल क्लब गठन गरी परिचालित हुन सक्नेछन् ।

ग) सबै बालक्लब/समुहहरुलाई नगरपालिका स्तरीय बाल संजालमा आबद्ध गराउनका लागि प्रोत्साहन गरिनेछ ।

**४. कार्यक्षेत्र :**

- बालक्लबको कार्यक्षेत्र समुदाय र विद्यालय रहनेछ । अन्य क्षेत्रको आवश्यकता भएमा नगरपालिकाले तोके बमोजिम हुनेछ ।

**५. बाल क्लबको निम्न उद्देश्य हुनसक्ने छन् :**

५.१. स्थानीय स्तरमा बालअधिकारको संरक्षण र सम्बर्द्धनका लागि सचेतना अभिबृद्धि गर्ने ।

५.२ शैक्षिक गतिविधि एवं अतिरिक्त क्रियाकलापका लागि विद्यालय प्रशासन तथा अभिभावकसँग समन्वय गर्ने ।



बालक्लब दर्ता प्रमाण पत्रको ढाँचा अनुसुची १

**माहाकाली नगरपालिका**

**......... वडा नं.कार्यालय**

**................, कञ्चनपुर**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

दर्ता/आवद्धता प्र.प.नं. ............

बाल अधिकारको प्रवर्द्धनमा अभिव्यक्त सामुहिक प्रतिबद्धताको सम्मान गर्दै कञ्चनपुर जिल्ला माहाकाली नगरपालिका वडा नं. ........................ को ......................................................लाई नेपालको संविधान २०७२, बाल अधिकार सम्बन्धी महासन्धी १९८९ र बालबालिका सम्बन्धी प्रचलित राष्ट्रिय ऐन कानून अनुसार परिवार, समुदाय र राष्ट्रमा बालअधिकारको स्थिति सुदृढ गर्ने कार्यमा यस बालक्लब/समुह/मञ्च/सञ्जालको सक्रिय योगदान रहने अपेक्षा गर्दै यस बालक्लब/समुह/मञ्च/सञ्जालको उत्तरोत्तर प्रगतिको लागि शुभकामना व्यक्त गर्दै बाल क्लब दर्ता प्रमाण पत्र प्रदान गरिएको छ ।

| ............................ | ............................ | .......................... |
|---|---|---|
| तयार गर्ने | वडा सचिव | वडा अध्यक्ष |

बाल संजाल दर्ता आवद्धता प्रमाण पत्रको ढाँचा अनुसुची २

**माहाकाली नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**दोधारा चाँदनी कञ्चनपुर**

सुदूरपश्चिम प्रदेश, नेपाल

दर्ता नं. :...................................

बालअधिकारको प्रवर्द्धनमा अभिव्यक्त सामुहिक प्रतिबद्धताको सम्मान गर्दै कञ्चनपुर जिल्ला माहाकाली नगरपालिकाको ......................... बालक्लब सञ्जाललाई नेपालको संविधान २०७२, बाल अधिकार सम्बन्धि महासन्धी १९८९ र बालबालिका सम्बन्धी प्रचलित राष्ट्रिय ऐन कानून अनुसार परिवार, समुदाय र राष्ट्रमा बालअधिकारको स्थिति सुदृढ गर्ने कार्यमा यस बालक्लब सञ्जालको सक्रिय योगदान रहने अपेक्षा गर्दै यस बालक्लब सञ्जालको उत्तरोत्तर प्रगतिको लागि शुभकामना व्यक्त गर्दै बाल सञ्जाल दर्ता प्रमाण पत्र प्रदान गरिएको छ ।

| ............. | ..................................... | .......................... |
|---|---|---|
| तयार गर्ने | प्रमुख प्रशासकीय अधिकृत | नगर प्रमुख |

- प्रत्येक बालक्लबले आफ्नो लोगो उल्लेख गरी क्लबको लेटरहेड तयार गरी प्रयोग गर्न सक्नेछन्
- प्रत्येक बाल क्लबले आफ्नो लोगो उल्लेख गरिएको परिचय पत्र तयार गरी प्रयोगमा ल्याउन सक्नेछन् । परिचय पत्र संरक्षक/संरक्षकद्धारा प्रमाणित गरिएको हुनु पर्नेछ ।
- परिचय पत्रको म्याद तोकिएको समय अवधिसम्म क्रियाशिल रहनेछ

**१८. सल्लाहकार समिति :**

प्रत्येक बाल क्लब/सञ्जालको निम्ति सुझाव दिनको लागि तीन देखि पाँच सदस्यीय सल्लाहकार समिति गठन गरिनेछ । सो समितिमा बालबालिकाहरु ३ जना र अन्य २ जना बालबालिकाको क्षेत्रमा काम गरेका उल्लेखनीय व्यक्ति वा सम्बन्धित बाल क्लबको सहजकर्ता मध्येबाट मनोनयन गरिनेछ । बाल क्लब/समूहका पूर्व अध्यक्षहरु सल्लाहकार समितिमा रहन सक्नेछन् ।

**१९. बालक्लब/समूहको विघटन :**

कुनै कारणबस बाल क्लब/समूह संचालन हुन नसकी विघटित भएमा विद्यालयमा आधारित क्लबको चल अचल सम्पत्तिहरु सम्बन्धित विद्यालयमा समुदायमा आधारित बाल क्लब/समूहको सम्पत्तिहरु नगरपालिकाको नाममा स्वतः आउनेछ ।

**२०. मान्यता प्राप्त वा सम्बन्धन प्राप्ती :**

यस अघि विद्यालय, समुदायमा जिल्ला बाल कल्याण समितिमा दर्ता भएका बाल क्लब/समूहहरु यसै निर्देशिका बमोजिम पुनः दर्ता नविकरण गरे पछिमात्र मान्यता प्रदान गरिनेछ ।

२१.यस निर्देशिकामा भएको व्यवस्था बालबालिका ऐन २०७५ र प्रचलित कुनै कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ



५.३ बालअधिकारको चेतना जगाउने भित्ते पत्रिका समाचार, बुलेलिन, पोष्टर, मुखपत्र, पत्रिका जस्ता प्रचार सामग्रीहरु प्रकाशन गर्ने ।

५.४ बालबालिकाको शैक्षिक र जीवनस्तर उकास्ने विभिन्न रचनात्मक क्रियाकलापहरु संचालन गर्ने ।

५.५ बालबालिकाहरुसँग सम्बन्धीत विभिन्न संघ संस्थासँग सम्बन्ध र समन्वय कायम गरी बालबालिकाहरुको उच्चतम हितमा निरन्तर कार्य गर्ने ।

५.६ बालबालिकाहरुलाई कुलत, दुर्व्यसन, दुर्व्यवहार, भेदभाव र खराब आचरणबाट बचाउन प्रयास गर्ने ।

५.७ बालबालिकाहरुको लागि ज्ञानमूलक तथा प्रतिभा प्रस्फुटन सांस्कृतिक गतिविधि तथा अन्य प्रतियोगितात्मक कार्यक्रमहरु संचालन गर्ने ।

५.८ बाल भेला, छलफल, अन्तरक्रिया र गोष्ठीहरु आयोजना गर्ने ।

५.९ विद्यालय तथा समुदायको विकासमा सदैव जागरुक भई योगदान पुर्‍याउने ।

५.१० विद्यालय बाहिर रहेका बालबालिकाहरुको विद्यालय भर्ना तथा निरन्तरताको लागि आवश्यक अभियान संचालन गर्ने ।

५.११ शैक्षिक संस्थालाई शान्ति क्षेत्र बनाउने विभिन्न गतिविधिहरु संचालन गर्ने ।

५.१२ बाल नेतृत्व विकास, बाल स्वास्थ्य र सरसफाई सम्बन्धी रचनात्मक कार्यक्रमहरु संचालन गर्ने ।

५.१३ शैक्षिक क्यालेण्डरको प्रभावकारी कार्यान्वयनमा सहयोग पुर्‍याउने ।

५.१४ अपांगता वा अन्य कारणहरुले गर्दा शैक्षिक अवसरबाट बन्चीत बालबालिकाहरुको लागि बालमैत्री विद्यालय निर्माणका लागि सहयोग पुर्‍याउने ।

**६. सदस्यता :**

६.१ विद्यालयमा सञ्चालित बालक्लब/समूहको हकमा विद्यालयमा अध्ययनरत बालबालिकाहरु विद्यालयमा रहुन्जेल मात्र वा १८ वर्ष मुनी मात्र बालक्लब/समूहको सदस्य हुन योग्य हुनेछन् ।

६.२ समुदायमा रहेका बालबालिकाहरु १८ बर्ष उमेर पुरा नहुन्जेल सम्म बालक्लब/समूहका सदस्य रहन सक्नेछन् ।

६.३ बालक्लब/समूहमा निम्न प्रकारका सदस्य रहन सक्नेछन् ।

क) साधारण सदस्य

ख) संस्थापक सदस्य

**७. सदस्यता प्राप्त गर्ने विधि :**

७.१ इच्छुक बालबालिकाले आफ्नो उमेर खुलाई बालक्लब/समूहमा आवद्धताका लागि आवेदन गरे पछि कार्यसमितिले सदस्यता प्रदान गर्न सक्नेछन् ।

७.२ बालक्लब/समूहको सदस्यता लिनको लागि प्रत्येक सदस्यले कार्यसमितिले तोके बमोजिमको प्रवेश शुल्क र मासिक शुल्क तिर्नु पर्नेछ वा निशुल्क समेत हुन सक्नेछ ।

७.३ शुल्क लिने नलिने वा कति लिने भन्ने कुरा बालक्लब/समूहको कार्य समितिले तोके बमोजिम हुनेछ ।

७.४ स्थापना कालका सदस्यहरु संस्थापक सदस्य हुनेछन् ।

**८. साधारण सभा :**

८.१ प्रत्येक बाल क्लब/समूहको साधारण सभा बर्षको एकपटक बस्नेछ, सम्बन्धित समूहका सबै सदस्यहरु उक्त भेलाका साधारण सभाका सदस्य हुन योग्य हुनेछन् ।

८.२ साधारण सभामा क्लबको गतिविधि समावेश गरी आवश्यक नीति तथा कार्य योजना तयार गर्ने साथै विगतको कार्यक्रमहरुको बारेमा समेत समीक्षा गरिनेछ ।

८.३ प्रत्येक बर्ष बस्ने साधारण सभाले बार्षिक आय व्यय तथा कार्यक्रम पारित गर्नुका साथै नयाँ कार्य समिति गठन गर्नेछ ।

८.४ साधारण सभाले अन्य आवश्यक कार्यहरु गर्नेछ ।

८.५ साधारण सभाले कार्यसमितिलाई बिशेष सहयोग र सरसल्लाह दिनेछ ।

८.६ साधारण सभामा उपस्थित हुनको लागि सम्पूर्ण सदस्यहरुलाई कम्तिमा ७ दिन अगावै सूचना दिनुपर्नेछ ।

८.७ साधारण सभाको बैधानिक संचालनका लागि कुल सदस्य संख्याको कम्तिमा एक तिहाई उपस्थित हुनु पर्नेछ । यदि गणपूरक संख्या प्रयाप्त हुन नसकेर स्थगन गरिएको बैठक सोही बिषयउपर छलफल तथा निर्णय गर्नका लागि स्थगित भएको मितिले ७ दिन सम्ममा पुन : बस्ने सक्नेछ । यस पुनः बस्ने बैठकका लागि जेजति सदस्यहरु उपस्थित छन् त्यसैलाई गणपूरक संख्या मानि बैठक सुचारु रुपमा अगाडी बढ्न सक्नेछ ।

८.८ साधारण सभामा उपस्थित पदाधिकारीहरु तथा सदस्यहरुको उपस्थितिको, छलफलको बिषयसुची र बिषयसूची अनुसार छलफल गरिएको निर्णयलाई निर्णय पुस्तिका (माइन्युट) मा लेखेर राखिने छ ।



ख) बैंक खाता अध्यक्ष वा सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट संचालित हुनेछ ।

ग) बैंक खाताको व्यवस्था नहुन्जेल सम्म सम्बन्धित नगरपालिका तथा संरक्षकको सल्लाह बमोजिम गर्नु पर्नेछ ।

**१५. आवद्धता, दर्ता र नविकरण :**

१५.१ कुनै पनि बालक्लबको आफ्नो गतिविधि सञ्चालन गर्नु भन्दा पहिला सम्बन्धित नगरपालिकामा दर्ता गराउनु पर्नेछ । बाल सहभागिता प्रवर्द्धनका लागि माहाकाली नगरपालिकाको वडाले बालक्लब दर्ता गरी दर्ता भएका बालक्लबहरुको सूची माहाकाली नगरपालिकामा उपलब्ध गराउनु पर्नेछ ।

१५.२ हरेक २/२ बर्षमा क्लबलाई सम्बन्धित वडाले नविकरण गराउनु पर्नेछ । वडाले नविकरण सूचि नगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

१५.३ दर्ता, नविकरण तथा अन्य शुल्क नगरपालिकाले तोके बमोजिम शुल्क वा निःशुल्क रुपमा समेत गर्न सक्नेछ ।

१५.४ एक बर्ष सम्म पनि नविकरण नगरेमा बाल क्लबको दर्ता स्वतः रद्ध हुनेछ । नगरपालिकाले कुनै शुल्क लिई वा निशुल्क रुपमा बालक्लब दर्ता एवं नविकरण गर्न सक्नेछ ।

**१६. लेखापरिक्षण :**

बैंक खाता संचालन गरी कार्यरत बालक्लबहरुले क्लबको आय व्ययको हरेक बर्ष लेखा परीक्षण गराउनु पर्नेछ । समूह/क्लब नविकरणको लागि लेखापरिक्षण प्रतिवेदन आवश्यक पर्नेछ । यस्तो लेखापरीक्षण राजिष्टर्ड लेखापरीक्षक वा माध्यमिक विद्यालयको लेखा बिषयको शिक्षकबाट वा बाल क्लब समूहले ३ सदस्यीय लेखा परिक्षण समिति गठन गरी सोही समिति मार्फत लेखा परिक्षण गराउन सक्नेछ । उल्लेखित ३ वटा तरिकाहरु मध्ये बाल क्लब/समूहलाई जुन तरिका सहज हुन्छ, सोही अपनाउन सक्नेछन् । यस कार्यमा स्थानीय निकायले आवश्यक सहजीकरण गर्नेछ ।

**१७. बाल क्लब/समूहको छाप, लोगो तथा लेटरपेड :**

- बालक्लबको लोगो गोलो घेराभित्र सम्बन्धित बालक्लबको नाम र ठेगाना, स्थापना मिति साथै त्यसको बीचमा आवश्यकता अनुसार बालक, बालिका विद्यालय, पुस्तकको नमुना राख्न सकिनेछ वा नगरपालिकाले तोकेबमोजिम हुनेछ ।
- प्रत्येक बालक्लबले आफ्नो लोगो अनुसारको छाप बनाउन सक्नेछन्

- बार्षिक कार्ययोजना तयार गरी सम्बन्धित नगरपालिका स्तरीय सरोकार निकायहरुलाई बालबालिकाको तर्फबाट राय उपलब्ध गराउने ।
- आफ्नो नगरपालिका अर्न्तगत रहेका बाल क्लबको विवरण तयार पार्ने सहजीकरण गर्ने तथा समूहरुको आवश्यकता अनुसार अनुगमन एवं सुपरिवेक्षण गर्ने ।
- जिल्ला तहका सरोकार निकाय र नगरपालिका अर्न्तगत रहेका बाल क्लबहरुबीच पुलको रुपमा कार्य गर्ने ।
- माहाकाली नगरपालिका भित्रका बालक्लब बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संस्थाहरुको सहयोगमा प्रत्येक बर्ष बार्षिक बालभेला आयोजना गर्ने ।
- नगरपालिका भित्र भएका बालसमूहरुको समन्वय र नेटवर्किङ गर्दै बालअधिकार प्रवर्द्धनको सवालमा बाल सञ्जाल सक्रिय रहने ।
- बालअधिकार प्रवर्द्धनको निम्ति अन्य कार्यहरु गर्ने

**१३. संरक्षक :**

संरक्षक भन्नाले नगरपालिकाको प्रमुख वा वडा अध्यक्ष, विद्यालयका प्र.अ./शिक्षक वा नगरपालिकाले तोकेको व्यक्ति वा सम्बन्धित ऐनकानूनले तोकेको व्यक्तिलाई जनाउनेछ । संरक्षकले आवश्यकताअनुसार बालबालिकाको उच्चतम हितलाई ध्यानमा राखी सल्लाह सुझाव एवं अन्य आवश्यक सहयोग गर्नु पर्नेछ ।

**१४. कोषको व्यवस्था :**

क) साधारण सदस्य प्रवेश शुल्क एवं मासिक/बार्षिक सदस्यता शुल्क बापत प्राप्त रकम

ख) स्थानीय निकाय, विद्यालय, समुदाय तथा अन्य संघ संस्थाबाट प्राप्त रकम

ग) नेपाल सरकारको पूर्व स्वीकृति लिई विदेशी दातृ संस्थाबाट प्राप्त सहयोग रकम

घ) अन्य विभिन्न स्रोतबाट प्राप्त रकम

ङ) चन्दा, सहयोग तथा बाल क्लबबाट कोष संकलनका लागि विभिन्न अभियानबाट संकलित रकम ।

१४.१ कोष संचालन :

क) पायक पर्ने कुनै बैंक वा वित्तिय संस्थामा क्लबको खाता खोलिने छ ।



यसको प्रमाणिकरणका लागि सभाको सभापति, सचिव र कम्तीमा एक जना साधारण सदस्यले हस्ताक्षर गरेको हुनु पर्नेछ ।

८.९ प्रत्येक साधारण सदस्यलाई मतदानको अधिकार हुनेछ ।

**९. कार्यसमितिको गठन विधि तथा पदावधि :**

९.१ साधारण सभाले प्रत्येक २/२ बर्षमा आफ्ना सदस्यहरुबाट अध्यक्ष-१, उपाध्यक्ष-१, सचिव-१, सहसचिव-१, कोषाध्यक्ष-१ र बाँकी सदस्याहरुको समावेशिताको आधारमा निर्वाचन गरी घटीमा ७ र बढीमा १३ जनाको कार्य समिति गठन गर्नेछ ।

९.२ यरी गठन भएको कार्यसमितिको पदावधि २ बर्षको हुनेछ ।

९.३ कार्यसमितिका पदाधिकारीहरु पुनः निर्वाचित हुन सक्नेछन् तर २ पटक अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष पदमा बहाल पदाधिकारी भने सोही पदमा पुनः निर्वाचित हुन सक्ने छैनन ।

९.४ कम्तिमा ५० प्रतिशत सदस्यहरु बालिका हुनुपर्नेछ । तर विशेष उद्देश्यले गठन भएका बालक्लबहरुको हकमा यो लागु हुने छैन । ५० प्रतिशत बालिका नपुगे पनि बाल क्लब कायम नै रहनेछ ।

९.५ एउटै समयमा कुनै एक समूहका महत्वपूर्ण पदमा बहाल रहेको पदाधिकारी सो भन्दा माथिल्लो तहको बालमञ्च/सञ्जालको मुख्य पदमा बहाल रहेमो स्वतः तल्लो पद निश्क्रिय रहनेछ र यस्तो पदमा अर्को व्यक्ति मनोनयन हुन सक्नेछ । बाल समूहमा १ व्यक्ति १ पदको सिद्धान्त लागू गरिनेछ ।

**१०. कार्य समितिको बैठक :**

१०.१ अध्यक्षको सल्लाह अनुसार सचिवले कार्यसमितिको बैठक बोलाउनेछ

१०.२ कार्य समितिको बैठक कम्तिमा नियमित रुपमा महिनामा एक पटक बस्नेछ ।

१०.३ कार्यसमितिका पदाधिकारीहरु बैठकमा तीनपटक भन्दा बढी नियमित रुपमा बिना सूचना अनुपस्थित भएको खण्डमा पद स्वतः खारेज हुनेछ । त्यस्तो रिक्त पदका लागि सल्लाहकार तथा संरक्षकको परामर्शमा कार्यसमितिले बाँकी सदस्यहरु मध्येबाट पुनः मनोनयन गर्न सक्नेछ ।

१०.४ सचिवको अनुपस्थितिमा अध्यक्ष आफैले वा सह-सचिव माफ्ृत बैठक बोलाउन सक्नेछन् ।

**११. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :**

११.१ अध्यक्ष :

क) बालक्लब/समूहको बैठक बोलाउन सचिवलाई निर्देशन दिने र बैठकको अध्यक्षता गर्ने ।

ख) बालक्लब/समूहको हितको लागि गर्नु पर्ने कर्तव्यको प्रमुख दायित्व बहन गर्ने ।

ग) मत बराबर भएमा निर्णायक मत दिने ।

घ) बालक्लब/समूहको उद्देश्य पुरा गर्न अन्य आवश्यक कामहरु गर्ने ।

ङ) कार्य समिति, विद्यालय, अभिभावक, समुदाय, नगरपालिकाका अन्य सरकारी तथा गैरसरकारी संघ संस्था बीच समन्वय कर्ताको भूमिका निर्वाह गर्ने ।

च) कुनै क्षेत्रको कार्यक्रममा जानका लागि आफ्नो कार्यसमितिको बैठक बस्न नसक्ने अवस्थामा पछि समर्थन जुटाउने गरी बालक्लबका प्रतिनिधि चयन गर्ने ।

११.२ उपाध्यक्ष :

क) अध्यक्षको अनुपस्थितिमा निजले गरि आएका सम्पूर्ण कार्यहरु गर्ने ।

ख) कार्य समितिले तोकेको अन्य कामहरु गर्ने ।

११.३ सचिव :

क) कार्य समितिको बैठक बोलाउने र बैठकमा राखिने बिषयहरुको बारेमा अग्रिम जानकारी सम्बद्ध सबैलाई दिने ।

ख) बालक्लब/समूहको तर्फबाट पत्राचार गर्ने ।

ग) कार्य समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

घ) बालक्लबका सदस्यहरुको सूचना अद्यावधिकरण समूहले गरेको मुख्य मुख्य कामको प्रगति प्रतिवेदन तयार गरी अद्यावधिकरण गर्ने, बार्षिक भेलामा गत बर्षका प्रगति एवं आगामी बर्षको योजना तयार गरी छलफल तथा पारितका लागि पेश गर्ने ।

ङ) बैठकको उपस्थिति उठाउने तथा निर्णयहरुको अभिलेख राख्ने ।

११.४ सह-सचिव

क) सचिवको अनुपस्थितिमा निजले गरी आएका सम्पूर्ण कार्यहरु गर्ने ।

ख) कार्य समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

ग) सचिवको काममा सहयोग गर्ने ।

११.५ कोषाध्यक्ष

क) बाल क्लब/समूहको आम्दानी खर्च तथा हर हिसाब रितपूर्वक राख्ने ।



ख) क्लबको सम्पूर्ण नगदी जिन्सीहरुको जिम्मेवारी लिई त्यस सम्बन्धी श्रेस्ता अद्यावधिक राख्ने ।

ग) क्लबको आय व्ययको विवरण कार्य समिति र साधारण सभामा पेश गर्ने ।

घ) कार्य समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

११.६ सदस्य :

क) बाल क्लबको बैठकमा नियमित उपस्थित हुने ।

ख) बाल क्लबको हितका लागि सधैं प्रयत्नशील रहने ।

ग) बैठकमा उपस्थित भई आफ्नो अभिव्यक्ति प्रस्तुत गर्ने ।

घ) कार्य समितिले तोकेको अन्य कार्य गर्ने ।

**१२. नेटवर्क (मञ्च/संजाल) :**

**नगरपालिका स्तरिय बाल संजाल**

नेपालको संविधान(२०७२) स्थानिय सरकार सञ्चालन ऐन २०७४, बाल मैत्री स्थानिय शासन राष्ट्रिय रणनिती २०६८ तथा कार्यान्वयन कार्यविधि २०६८ भावना बमोजिम बार्षिक रुपमा विभिन्न विद्यालय, समुदाय र कार्यक्षेत्रमा रहेका बालक्लब/समूहहरु बीच आवश्यक समन्वय र सहकार्यको अवस्था सुनिश्चित गर्दै बाल क्लब परिचालनमा सहयोग पुर्‍याउन साथै नगरपालिका स्तरीय बालसरोकारका बिषयहरुमा बाल सहभागिता सुनिश्चित गर्ने उद्देश्यले यस नगरपालिकाले बाल क्लब/समूहहरुबीच नगरपालिका स्तरीय भेला सञ्चालन गरी बालबालिकाको समावेशी सहभागितामा ७ देखि २१ सदस्यीय नगरपालिका स्तरीय बाल संजाल गठन एवं परिचालन सम्बन्धी व्यवस्थाको सुनिश्चितता गर्न प्रमुख भुमिका खेल्न सक्नेछ । सो कार्यमा यस नगरपालिकालाई आवश्यक सहयोग गर्नु बालबालिकाको हक अधिकारको क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संस्थाको दायित्व हुनेछ नगरपालिका स्तरीय बाल संजाल गठन तथा अन्य व्यवस्था माहाकाली नगरपालिकाले गर्नेछ । नगरपालिका स्तरीय बाल मञ्च(संजाल)का पदाधिकारीको पदावधी २ बर्षको रहनेछ । बालक्लबहरुको संरक्षण र प्रवर्द्धनमा माहाकाली नगरपालिकाले बालक्लबहरुलाई आवश्यक सहजिकरण गर्नेछ ।

**नगरपालिका स्तरीय बाल सञ्जालका काम, कर्तव्य र अधिकारहरु**

- बालअधिकार प्रवर्द्धन र सामाजिक रुपान्तरणको निम्ति क्रियाशिल रहने ।
- बाल सरोकारका बिषयहरुमा नगरपालिका सँग वकालती गर्ने